बागमती प्रदेश सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# कृषि विकास निर्देशनालय

हेटौंडा, मकवानपुर

## कृषि विकास कार्यक्रममा सहभागी हुन प्रस्ताव आव्हानको सूचना

सूचना नं १/०७९/८०

प्रथम पटक प्रकाशित मितिः २०७९/०८/०८

कृषि विकास निर्देशनालय, हेटौंडाको आ. व. २०७९/८० को स्वीकृत कार्यक्रम अनुसार तपसिल बमोजिमको कार्यक्रमहरु यस निर्देशनालय र कृषि ज्ञान केन्द्र मार्फत कार्यान्वयनको लागि सम्बन्धित कार्यक्रम संचालन कार्यविधिमा तोकीए बमोजिमका शर्तहरु पालन गरिने गरि साझेदारी गर्न इच्छुक आवेदक वा प्रस्तावकहरुबाट यो सूचना प्रकाशित भएको मितिले ३० दिन (२०७९/०९/०८) कार्यालय समय भित्र कार्यविधिहरुमा तोकीएको कागजातहरु संलग्न गरि प्रस्ताव दर्ता गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। साथै रित नपुगी वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु उपर कुनै कार्यवाही नहुने व्यहोरा समेत यसै सूचना द्वारा जानकारी गराइन्छ।

| क्र. सं. | कार्यक्रमको नाम | ईकाई | परिमाण | साझेदार संस्था | निर्देशनालयको अधिकतम साझेदारी रकम | स्वीकृत कार्यविधिको नाम | लागु गरिने जिल्ला | प्रस्ताव पेश गर्ने स्थान |
|---|---|---|---|---|---|---|---|---|
| १ | प्रशोधन तथा बजारिकरणका लागि बीउ पुँजी कोष परिचालन | पटक | ३ | कृषि फर्म, कृषि कम्पनी, कृषि उद्यमी, कृषि समूह र कृषि सहकारी | परियोजनाको २०% वा कार्यविधिको अनुसूची ५ बमोजिम | बिउँपूजी परिचालन कार्यविधि, २०७९ | बागमती प्रदेश भर | कृषि विकास निर्देशनालय |
| २ | ग्रिनहाउस तथा मल्चिङ्गमा प्रयोग भएका प्लास्टिक तथा थोपा सिंचाई पुन प्रयोगकालागि प्रशोधन केन्द्र स्थापना | पटक | १ | कृषि फर्म, कृषि कम्पनी, कृषि उद्यमी, कृषि समूह र कृषि सहकारी | परियोजनाको २०% वा कार्यविधिको अनुसूची ५ बमोजिम | बिउँपूजी परिचालन कार्यविधि, २०७९ | बागमती प्रदेश भर | कृषि विकास निर्देशनालय |
| ३ | पाँच बिगाह भन्दा बढी तरकारी खेती गर्ने कृषक, कृषि फार्म, कृषक समुहलाई फेब्रिकेटेड कोल्ड च्याम्बर | संख्या | १० | कृषक, कृषि फर्म, कृषि समूह र कृषि सहकारी | अधिकतम १५ लाख | कृषि विकास कार्यक्रम सञ्चालन प्रक्रिया, २०७९ | बागमती प्रदेश भर | कृषि वि. नि./ कृषि ज्ञान केन्द्र |
| ४ | समूह/सहकारी तथा निजी क्षेत्रसंगको सहकार्यमा हाइब्रिड ड्रायर वितरण कार्यक्रम | जना | १० | कृषि फर्म, कृषि समूह र कृषि सहकारी | अधिकतम ५ लाख | कृषि विकास कार्यक्रम सञ्चालन प्रक्रिया, २०७९ | बागमती प्रदेश भर | कृषि वि. नि./ कृषि ज्ञान केन्द्र |
| ५ | सहकारी मोडलमा सञ्चालित चिस्यान भण्डारलाई विद्धुत महसुलमा छुट | पटक | १२ | शित भण्डार सञ्चालन गर्ने सहकारी | कूल बजेट ३६ लाखको परिधिमा रहि | कृषि विकास कार्यक्रम सञ्चालन प्रक्रिया, २०७९ | बागमती प्रदेश भर | कृषि वि. नि./ कृषि ज्ञान केन्द्र |
| ६ | वन करिया, सुरेल, बिरेल, हायु लगायतका अल्पसंख्यक तथा सिमान्तकृत जाती र दलित एवम् पिछडिएका जातीहरुका लागि कृषिमा आधारित आयआर्जन कार्यक्रम | पटक | १ | संबन्धितबाट गठीत समूह, सहकारी र निजी फर्म | अधिकतम ९०% (कूल बजेट ५० लाखको परिधिमा रहि) | कृषि विकास कार्यक्रम सञ्चालन प्रक्रिया, २०७९ | बागमती प्रदेश भर | कृषि वि. नि./ कृषि ज्ञान केन्द्र |
| ७ | कृषिमा उच्च शिक्षा हासिल गरेका तथा बेरोजगार युवाहरुमा उधमशिलता प्रवर्धनको लागि सहयोग कार्यक्रम | जना | २५ | कृषिमा स्नातक गरि ४० वर्ष ननाघेका युवा | अधिकतम ८५% वा ३ लाख | कृषि विकास कार्यक्रम सञ्चालन प्रक्रिया, २०७९ | बागमती प्रदेश भर | कृषि वि. नि./ कृषि ज्ञान केन्द्र |
| ८ | एकल महिला द्वार उत्पादित कृषि उत्पादनमा प्रोत्साहन कार्यक्रम | के.जी. | - | एकल महिला वा एकल महिला द्वारा संचालित कृषि फर्म | अधिकतम ९०% (कूल बजेट १ करोडको परिधिमा रहि) | कृषि विकास कार्यक्रम सञ्चालन प्रक्रिया, २०७९ | बागमती प्रदेश भर | कृषि वि. नि./ कृषि ज्ञान केन्द्र |
| ९ | कृषियन्त्र प्रयोग मार्फत खाद्यान्न बाली रोपण देखि बाली भित्र्याउने कियाकलाप सम्म लाग्ने यन्त्र प्रयोगको भाडामा छुट | पटक | ३ | कृषि फर्म, कृषि समूह र कृषि सहकारी | अधिकतम ५०% (कूल बजेट ३० लाखको परिधिमा रहि) | कृषि विकास कार्यक्रम सञ्चालन प्रक्रिया, २०७९ | बागमती प्रदेश भर | कृषि वि. नि./ कृषि ज्ञान केन्द्र |
| १० | उन्नत बीउ उत्पादन प्रोत्साहन अनुदान कार्यक्रम (धान, गहु, मकै) | पटक | १ | कृषक/कृषक समुह/कृषि सहकारी/ सामुदायिक बीउ बैंक/निजी उद्यमी/कम्पनी | कूल बजेट ७५ लाखको परिधिमा रहि | उन्नत बीउमा कृषकहरुलाई अनुदान कार्यक्रमको सञ्चालन प्रक्रिया २०७७ | बागमती प्रदेश भर | कृषि ज्ञान केन्द्र |

विशेष सूचना: प्राङ्गारिक मल वितरण कार्यक्रमको लागि प्राङ्गारिक मल उत्पादक तथा वितरक सुचिकरण गर्नका लागि समेत यो सूचना प्रकासनको २१ दिन भित्र प्राङ्गारिक मल वितरण कार्यविधि,२०७९ अनुसार कृषि विकास निर्देशनालयमा प्रस्ताव दर्ता गर्नु हुन यो सूचना प्रकाशन गरिएको व्यहोरा अनुरोध छ।

*उल्लेखीत कार्यविधिहरुमा स्पष्ट नखुलेका विषयहरु प्रचलित कानून अनुसार हुनेछ।

नोट: थप जानकारीको लागि यस निर्देशनालयको फोन न. ०५७-५२०४६६ मा सम्पर्क राख्नु हुन वा वेबसाइट doad.p3.gov.np साथै कृषि तथा पशुपन्छी विकास मन्त्रालयको वेबसाइट molmac.p3.gov.np बाट सम्बन्धित कार्यक्रम संचालनको लागि तोकिएको कार्यविधि डाउनलोड गरी विस्तृत जानकारी लिन सक्नुहुनेछ।

नेपाल न्युज नेटवर्क इन्टरनेसनल प्रालिद्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : कार्तिक टावर, लैनचौर, काठमाडौं, पोस्ट बक्स नं. २४९९९, फोन : ४२२२२७, फ्याक्स : ४४८२१९९, E-mail : annapurna@amn.com.np, द.नं. १३५/०५८/०५९, म.क्षे.हु.द.नं. ०६९/०७०, अध्यक्ष : क्याप्टेन रामेश्वर थापा, प्रधान सम्पादक : अखण्ड भण्डारी।